

**के तपाईको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १८४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन ३ गते मंगलबार ❑ 19 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## गण्डकी प्रदेशको ७३ प्रतिशत बजेट खर्च

**पोखरापत्र संवाददाता**
**पोखरा, २ साउन**

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७८/०७९ मा ७३ प्रतिशत बजेट खर्च गर्न सफल भएको छ । विभिन्न समस्यका बाबजुत पनि यस आर्थिक वर्ष २०७८/०७९ मा पनि अघिल्लो बर्षकै तुलनामा ७३ प्रतिशत बजेट खर्च हुन सफल भएको गण्डकी प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ।

प्रदेशको आर्थिक वर्ष २०७८/०७९ मा चालुतर्फ १३ अर्ब ८ करोड २० लाख ६७ हजार विनियोजन भएकोमा ५८.३३ प्रतिशतले ७ अर्ब ६३ करोड १३ लाख १ हजार खर्च भएको प्रदेश लेखा नियन्त्रक केशवराज ढकालले बताए । त्यसै गरी प्रदेशको आर्थिक वर्ष २०७८/०७९ मा पुंजिगत तर्फ १६ अर्ब ७३ करोड ४६ लाख ३३ हजार विनियोजन भएकोमा ८६.४३ प्रतिशतले १४ अर्ब ४६ करोड ३ लाख ९४ हजार खर्च भएको उनले जनाए । आर्थिक बर्ष २०७८/०७९ मा ३० अर्ब ५ करोडको बजेट विनियोजन भएको थियो भने यस चालु आर्थिक बर्ष २०७९/०८० मा ३५ अर्ब ९० करोड ९० लाख विनियोजन भएको छ । प्रदेशमा हाल १२ वटा मन्त्रालय छन्।

अघिल्लो बर्षको तुलनामा आर्थिक वर्ष २०७८/०७९ मा पुंजिगत तर्फ भने झिनो सुधार भएको छ । अघिल्लो बर्ष पुंजिगत तर्फ ८५.८८ प्रतिशत खर्च भएकोमा आर्थिक वर्ष २०७८/०७९ मा भने झिनो सुधार भई ८६.४३ प्रतिशत खर्च भएको प्रदेश प्रदेश लेखा नियन्त्रक ढकालले बताए।

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले आर्थिक बर्ष २०७८/०७९ मा ८० प्रतिशत बजेट खर्च गर्ने बताई रहदा कर्मचारी पदपूर्ति नहुँदा, ठुला योजना होल्ड हुँदा र स्थानिय तहको निर्वाचनको कारण केही बजेट खर्च गर्न कठिन भएको अर्थ सचिव बैकुण्ठ प्रसाद अर्यालले बताए।

आर्थिक बर्ष २०७८/०७९ मा सबै भन्दा धैरै ८९.६४ प्रतिशत उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालयले खर्च गर्न सफल भएको छ भने युवा ताथ खेलकुद मन्त्रालयको खर्च ५६.४८ प्रतिशत मात्र भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ। उर्जा तर्फ ५ अर्ब ६५ करोड ७९ लाख ३१ हजार बजेट विनियोजन भए पनि ५ अर्ब ७ करोड १४ लाख ८७ हजार रुपैया खर्च भएको छ । युवा तथा खेलकुद मन्त्रालय तर्फ आर्थिक बर्ष २०७८/०७९ मा विनियोजन भएको रकम ४० करोड ८ लाख ४२ हजार मध्य असार मसान्तरसम्म २२ करोड ६३ लाख ९७ हजार मात्र खर्च भएको प्रदेश लेखा नियन्त्रक ढकालले बताए।

भौतिक पूर्वाधार शहरी विकास तथा यातायात व्यबस्था मन्त्रालयबाट ७४.२१ प्रतिशत बजेट खर्च भएको छ। आर्थिक बर्ष २०७८/०७९ मा विनियोजन भएको रकम ९ अर्ब ६२ करोड २६ लाख ९ हजार रुपैया मध्य ७ अर्ब १४ करोड ७ लाख १५ हजार रुपैया खर्च भएको प्रदेश लेखा नियन्त्रक ढकालले जनाए।

शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयले आर्थिक वर्ष २०७८/०७९ मा मा ६९.७२ प्रतिशत अर्थात १ अर्ब ५२ करोड ९४ लाख ८३ हजार खर्च गर्न सफल भएको छ। त्यसै गरी पर्यटन उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयले आर्थिक वर्ष २०७८/०७९ मा मा ७३.८० प्रतिशत अर्थात ३४ करोड ९५ लाख ६५ हजार खर्च गर्न सफल भयो। आर्थिक वर्ष २०७८/०७९ मा पर्यटन मन्त्रालयमा ४७ करोड ३६ लाख ६० हजार विनियोजन भएको थियो भने सामाजिक विकास मन्त्रालय तर्फ भने २ अर्ब १९ करोड ३७ लाख ७१ हजार विनियोजन भएको थियो।

भूमि व्यबस्था, कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालयले ७३.६२ प्रतिशतले १ अर्ब ५८ करोड ३ लाख ५६ हजार रुपैया खर्च गर्न सफल भएको छ। यस मन्त्रालयमा २ अर्ब १४ करोड ६६ लाख ६७ हजार विनियोजन भएको थियो । त्यस्तै कानून संचार तथा प्रदेश सभा मामिला मन्त्रालयले ७२.५९ प्रतिशत अर्थात ६४ करोड ४९ लाख ९५ हजार रुपैया खर्च गर्न सफल भएको छ। यस मन्त्रालयमा गत बर्ष ८८ करोड ८४ लाख ९० हजार रुपैया विनियोजन भएको थियो । वन वातावरण तथा भू–संरक्षण मन्त्रालयले आर्थिक वर्ष २०७८/०७९ मा ७५.९० प्रतिशत अर्थात ६९ करोड ७७ लाख १९ हजार रुपैया खर्च गर्न सफल भएको छ।

उक्त मन्त्रालयमा ९१ करोड ९२ लाख ४७ हजार रुपैया विनियोजन भएको थियो। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले ६९.७२ प्रतिशत अर्थात १ अर्ब ९२ करोड ८६ लाख ६१ हजार खर्च गर्न सफल भएको छ भने यस मन्त्रालयमा गत बर्ष २ अर्ब ७६ करोड ६३ लाख ६६ हजार विनियोजन भएको थियो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट गत बर्ष ५६.६५ प्रतिशत अर्थात ८३ करोड ४० लाख ५० हजार खर्च गर्न सफल भएको छ भने। उक्त कार्यालयले गत बर्ष १ अर्ब ४७ करोड २२ लाख ७२ हजार विनियोजन भएको थियो।

## मर्दी 'ट्रेकिङ रुट'मा थपिए पर्यटकीय पूर्वाधार

**पोखरापत्र संवाददाता**
**पोखरा, २ साउन**

विश्व प्रसिद्ध मर्दी हिमाल पदयात्रा क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण गरिएको छ।

आन्तरिक तथा बाह्य पर्यटकलाई सुविधा उपलब्ध गराउन पोखरा महानगरपालिका-२५ मेलबोटदेखि माछापुच्छ्रे गाउँपालिकाको अस्तामसम्म पर्यटकीय पूर्वाधार निर्माण गरिएको हो । गण्डकी प्रदेश सरकारको 'एक निर्वाचन क्षेत्र एक पर्यटकीय पूर्वाधार' निर्माण कार्यक्रमअन्तर्गत गत आर्थिक वर्षमा मर्दी ट्रेकिङ रुटको मेलबोट-अस्ताम खण्डमा पैदलमार्ग, पार्क, रेलिङलगायतका संरचना तयार गरिएको हो।

गत वर्षदेखि मेलबोट-भिqभिर्का-अस्ताम-धिताल-धम्पुस-मर्दी हिमाल पैदलमार्ग तथा पर्यटकीय पूर्वाधार र पार्क निर्माणको योजना अघि सारिएको हो । मेलबोटबाट पदयात्रा सुरु भएर अस्ताम, धिताल, धम्पुस, प्रितम देउराली तथा धिताल ल्वाङ, घलेल कालीमाटी हुँदै मर्दी हिमाल जोड्ने गरी पदयात्रामार्ग विकास गर्ने योजना छ।

गण्डकी प्रदेश सरकारको गत वर्ष विनियोजन गरेको रु २५ लाख बजेटबाट पर्यटकीय पूर्वाधार र विभिन्न संरचना निर्माण गरिएको मेलवोट-अस्ताम-धिताल-धम्पुस-मर्दी हिमाल पदमार्ग निर्माण समितिका संयोजक एवं पर्यटन व्यवसायी विश्व अधिकारीले बताउनुभयो। उहाँका अनुसार ३०० मिटर ढुङ्गाको छपनी बिछ्याएको सिँढी बाटो, ३११ मिटर रेलिङ, साइड वाल, चारवटा चौतारी र पोखरी निर्माण गरिएको छ।

अझै चारवटा चौतारी र पोखरी पुनःनिर्माणको काम बाँकी छ। चार सामुदायिक वन क्षेत्रमा पर्ने पदयात्रा क्षेत्रमा अप्ठ्यारो स्थानमा सिँढी बाटो निर्माण गरिए पनि पैदलमार्गको काम अझै बाँकी छ। प्रदेश सरकारले चालु वर्षमा पनि बजेट विनियोजन गर्ने प्रतिबद्धता जनाएकाले थप काम अघि बढाइने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "फुट्याकलगायतका पर्यटकीय पूर्वाधार निर्माणपछि पदयात्रामा आउने पर्यटक बढेका छन्, यो पैदलमार्ग रोजाइमा छ । योजनाअनुसारका कामलाई पूर्णता दिन अझै धेरै काम बाँकी छन्।"

पदयात्रा मार्गलाई अस्तामसम्म मोटरबाटोले नछुने भएकाले जङ्गलै जङ्गलभित्रबाट पदयात्रा हुनेछ । सुनझाँक्रीको थान, लालीगुराँसको जङ्गल, रुद्रमहादेव, पञ्चेबाजा उद्यानसहितका पर्यटकीय र जैविक विविधताले पर्यटकलाई आनन्दित तुल्याउने गरेको छ।

मर्दी हिमाल पदयात्रामा जानका लागि हाल माछापुच्छ्रे गाउँपालिकाको धम्पुस, कालीमाटी, सिदिङ तथा अन्नपूर्ण गाउँपालिकाको अष्ट्रेलियन क्याम्पसम्म गाडीमा पुगेर पदयात्रा सुरु गर्न सकिन्छ । यसैगरी माछापुच्छ्रेकै कालीमाटी तथा सिदिङबाट समेत पदयात्रा गर्न सकिन्छ। समितिको अग्रसरतामा मेलबोटबाट नै पदयात्रा सुरु गर्ने गरी पैदलमार्ग निर्माण गरिएको हो।

## साफ च्याम्पियनसिप खेल्ने नेपाली फुटबल टोलीको घोषणा

**रासस**
**काठमाडौं, २ साउन**

भारतमा आयोजना हुने साफ यु-२० पुरुष च्याम्पियनसिपका लागि अखिल नेपाल फुटबल सङ्घले आज २३ सदस्यीय नेपाली फुटबल टोलीको घोषणा गरेको छ।

यही साउन ९ देखि २० गतेसम्म भारतको भुवनेश्वरमा आयोजना हुने उक्त च्याम्पियनसिपका लागि यु-२० का मुख्य प्रशिक्षक मेघराज केसीले ३० सदस्यीय खेलाडीबाट अन्तिम टोलीको छनोट गर्नुभएको हो । छनोट हुने खेलाडीको गोलकिपरमा ईश्वर गुरुङ, उनेश चौधरी र जियारथ शेख छन् । यसैगरी डिफेन्डरमा अमर श्रेष्ठ, सोनित दाहाल, आयुश श्रेष्ठ, अजय चौधरी, सुमित श्रेष्ठ, सृजन धानी, रोशन थापा र अभिशेक वाइवा रहेका छन्। मिडफिल्डरमा दीपेश गुरुङ, आशिष राई, सन्दिप कार्की, जन्मजय धामी, मोहित गुरुङ, कृतिषरत्न छुन्जु, सुगम सुवाल, मनग्य नकर्मी र आयुष घलान छन् भने फरवार्डमा दीपेश राई, निरञ्जन मल्ल र रोहन खड्गी रहेका छन्। उक्त प्रतियोगितामा आयोजक भारतसँगै नेपाल, बङ्गलादेश, माल्दिभ्स र श्रीलङ्का गरी पाँच टोलीको सहभागिता रहेको छ। नेपालले उक्त प्रतियोगिताको उद्घाटन खेलमा माल्दिभ्सको सामना गर्नेछ । उक्त खेल यही साउन ९ गते हुनेछ । यसैगरी नेपालले आफनो दोस्रो खेल साउन ११ गते श्रीलङ्काको सामना गर्नेछ भने तेस्रो खेल आयोजक भारतसँग खेल्नेछ। नेपालले भारतसँग साउन १५ गते खेल्नेछ। त्यस्तै नेपालले साउन १७ गते बङ्गलादेशको सामना गर्नेछ । प्रतियोगितामा शीर्ष दुई स्थान हात पार्ने टोलीले फाइनल खेल्नेछन्।

## सत्ता गठबन्धन दलसँग नै आगामी निर्वाचनमा चुनावी तालमेल गर्ने कांग्रेसको निर्णय

**रासस**
**काठमाडौं, २ साउन**

नेपाली कांग्रेसले सत्ता गठबन्धनमा रहेका दलहरूसँग आगामी निर्वाचनमा चुनावी तालमेल गरेर अघि बढ्ने निर्णय गरेको छ ।

केन्द्रीय कार्यसमितिको आज सम्पन्न बैठकले सत्ता गठबन्धनमा रहेका दलहरूसँग संवाद गरी आगामी सङ्घीय र प्रदेश तहको निर्वाचनमा चुनावी तालमेल गरेर अघि बढ्ने निर्णय गरेको हो । नेपाली कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलद्वारा आज जारी विज्ञप्तिमा भनिएको छ, "गत वैशाख ३० गतेको स्थानीय तह निर्वाचनबाट पहिलो दल बनेको नेपाली कांग्रेसलाई आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा बहुमततर्फ लक्षित गराउँदै संविधानको रक्षा र लोकतन्त्रको थप सुदृढीकरण गर्दै जनताको समुन्नतिको सपनालाई स्थिर सरकारमार्फत सम्बोधन गर्नका लागि केन्द्रीय कार्यसमितिको बैठक सत्ता गठबन्धनमा रहेका दलहरूसँग संवाद गरी चुनावी तालमेल गरेर अघि बढ्ने निर्णय गर्दछ ।" गठबन्धनमा रहेका दलहरूका बीचमा तालमेल गर्दा संविधानको कार्यान्वयन, आर्थिक सामाजिक रुपान्तरण र वैदेशिक सम्बन्ध लगायतका विषयमा न्यूनतम साझा धारणा निर्माण गर्दै पाँच वर्षमा स्थिर सरकारमार्फत जनताको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने स्पष्ट कार्यक्रमको खाकासहित आमनिर्वाचनमा कांग्रेस प्रस्तुत हुनु पर्दछ भन्ने ठहर बैठकले गरेको छ। बैठकले पाँच दलीय गठबन्धनको वर्तमान सरकारले एक वर्षको कार्यकालको समीक्षा गर्दै संविधानलाई ट्र्याकमा ल्याउँदै क्रमशः कोभिड-१९ खोप व्यवस्थापन, एमसिसी अनुमोदन र स्थानीय तहको निर्वाचन लगायतका महत्वपूर्ण काम सरकारले गरेको विज्ञप्तिमा उल्लेख छ । अनेक राजनैतिक चुनौती पार गर्दै मुलकलाई सही मार्गमा ल्याई पुऱ्याउन सफल नेतृत्व गरेको कांग्रेसको नेतृत्वमा विद्यमान आर्थिक चुनौतीलाई सामना गर्दै मुलुकको आर्थिक विकास र समुन्नतिको यात्रालाई सार्थक गति दिएको भन्दै कांग्रेसले जनजीविका र सुशासनलगायत विषयमा सरकारको विशेष ध्यानाकर्षण गराएको छ।


## बाढीपहिरोबाट जोगिन

◆ जथाभावी सडक निर्माण र वन विनासले बाढी पहिरो निम्त्याउछ।

◆ वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरोनियन्त्रण गरौं।

◆ पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालो जस्ता भु–क्षय रोक्ने खालका विरुवा रोपौं र संक्षरण गरौं।

◆ आफ्नो बस्ती तथा समुदायको संरक्षण गरौं।

◆ बाढी तथा पहिरो सुचाना तल्लो तटीय क्षेत्रमा दिऔं।

आफु पनि बचौं अरुलाई पनि बचाऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## ७१ प्रतिशत विकास बजेट खर्च

**रासस**
**म्याग्दी, २ साउन**

जिल्लामा गत आर्थिक वर्ष २०७८/७९ मा कूल ७१ दशमलव २३ प्रतिशत विकास बजेट खर्च भएको छ । संघीय सरकारको ६० दशमलव ७५ र प्रदेशको ७५ दशमलव ४५ प्रतिशत पुँजीगत बजेट खर्च भएको कोष तथा लेखा नियन्त्रकको कार्यालयले जनाएको छ। पुँजीगत शीर्षकमा दुईवटै सरकारका निकायको रु एक अर्ब २१ करोड ५९ लाख १६ हजार विनियोजन भएकामा


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# हराउँदै 'लुतो फाल्ने' संस्कृति

**रासस**
**वालिङ, २ साउन**

बढ्दो आधुनिकतासँगै कुनै बेला चलनचल्तीमा रहेको 'लुतो फाल्ने' संस्कृति हराउँदै गएको छ । साउने सङ्क्रान्तिका दिन नेपाली हिन्दू परम्परा अनुसार मनाइने सो चलन पछिल्लो समय हराउँदै गएको हो ।

'लुतो लैजा, पिलो लैजा.....' भन्दै अगुल्टोलाई साँझपख घरको पूर्व, पश्चिम, उत्तर, दक्षिण चारैतिर फाल्ने गरेको सम्झना वालिङ ८ कि ८० वर्षीया विष्णुमाया बगालेलाई अहिले पनि ताजै छ ।"साउने सङ्क्रान्तिका दिन लुतो फाल्ने भनेपछि दिनभर साथीभाइ जम्मा भएर बनजङ्गलबाट विभिन्न झारपात तथा वनस्पतिहरु खोजेर जम्मा पारिन्थ्यो", उहाँले भन्नुभयो, "अचेल त्यसको महत्व नै थाहा छैन, यो सँगै तिउँरी लगाउन छाडेर मेहेन्दी लगाउन थालेका छन् ।" उ बेलामा धेरैजसोको खरका छाना भएका घर हुने भएकाले अगुल्टो फाल्दा छानामा पर्न नदिन एकदम सचेत हुने गरेको पुरानो याद झलझली आइरहेको उहाँ बताउनुहुन्छ । साउने सङ्क्रान्तिमा हातमा तिउँरी लगाउन तिउँरीका बिरुवा घर वरिपरी प्रशस्तै लगाउने गरिएको वालिङ ८ कै फूलमति सुवेदीले बताउनुभयो। साउने सङ्क्रान्तिका दिन सानैमा लुतो फाल्ने र हातमा तिउँरी लगाउने गरिए पनि आजभोलि लुतो फाल्नै छाडेको र तिउँरीको सट्टामा बजारबाट मेहेन्दी किनेर लगाउन थालेका उहाँले बताउनुभयो। "वनजङ्गल तथा घर वरपर भएका विभिन्न वनस्पति तथा झारपात बटुलेर ल्याउने र साँझ सबै जम्मा भएर अगुल्टो फालेर हातमा तिउँरी लगाउने गर्थ्यौं", उहाँले भन्नुभयो, "तिउँरीको बिरुवालाई मसिनो गरी पिसेर विभिन्न वनस्पति तथा झारपात मिलाएर कर्कलाको पातले छोपेर लगाउँथ्यौं ।" खेतबारीमा हिलोमैलो भएर काम गर्दा छालासम्बन्धी रोग लाग्न सक्ने भएकाले लुतो फाल्ने गरिएको जानकार बताउँछन् । लुतो फाल्दा आ-आफ्नो परम्परा अनुसार नाङ्लो ठटाउने, शङ्खघण्ट बजाउने, ढिँकी कुट्ने, ढोका बन्द गर्ने जस्ता चलन छ। पछिल्लो समय कहीँकतै यो परम्परा आंशिकरुपमा रहेपनि धेरैजसो ठाउँमा पछिल्लो पुस्ताले आत्मसात गर्न नसक्दा यसको पहिचान र महत्वसँगै लोप हुने अवस्थामा पुगेको छ।



पोखरा महानगरपालिका-७ रत्नपुरीस्थित जिल्ला निर्वाचन कार्यालय कास्कीमा सोमबार मतदाता नामावली दर्ताका लागि पुगेका सर्वसाधारण। तस्वीर : कृष्ण दवाडी/रासस

# रोटरी क्लब अफ पोखरा मिडटाउनद्वारा ह्विलचेयर वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २ साउन**

रोटरी क्लब अफ पोखरा मिडटाउनले यस क्षेत्रका १८ जना शारिरीक अशक्तहरुलाई ह्विलचेयर वितरण गरेको छ । रोटरी डिष्ट्रिक ३२ ९२ नेपाल र ताईपेई ३५२३ बाट प्राप्त ह्विलचेयर सोमबार आयोजित एक कार्यक्रममा क्लबले अशक्तहरुलाई हस्तान्तरण गरेको हो। कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका कानून सञ्चार एवं प्रदेश मामिला मन्त्री विन्दुकुमार थापाले ह्विलचेयर वितरण गर्दै सामाजिक सेवामा समर्पित रोटरी क्लबको प्रशंसा गर्नुभयो । उहाँले क्लबले आगामी दिनमा पनि यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिन आग्रह गर्दै प्रदेश सरकारले पनि आवश्यक सहयोग गर्ने आश्वासन दिनुभयो।




कार्यक्रममा पूर्व डिष्ट्रिक गर्भनर किरणलाल श्रेष्ठले रोटरी इन्टरनेशनलले आगामी दिनमा यस्ता सहयोगका कार्य क्रमहरु जारी राख्ने बताउनुभयो। रोटरीक्लबअफपोखरामिडटाउनका अध्यक्ष रवीन्द्रनाथ बाँस्तोलाको अध्यक्षतामा सम्पन्न उक्त ह्विलचेयर वितरण कार्यक्रममा पूर्व गर्भनर किरणलाल श्रेष्ठ, ऐसिसटेण्ट गर्भनर राजेन्द्र लिगल र क्लबका पूर्व अध्यक्ष विनोद हेजुले उपस्थित अशक्तहरुलाई संयुक्त रुपमा ह्विलचेयर हस्तान्तरण गर्नुभएको थियो ।

सो ह्विलचेयर वितरण कार्यक्रमलाई सि.बि.आर पोखरा, विनोद हेजु, दिलिप शर्मा, रोटरीयन डा. हरि पाडैल र रो.विश्वराज बास्तोलाले सहयोग गनुभएको थियो । कार्यक्रममा रोटरी क्लबका पूर्व अध्यक्ष पुरन कुँवर, सन्तोष पोखरेल, सि.बि.आर पोखरा शाखाका चेतबहादुर गुरुङ, सर्भिस प्रोजेक्ट कमिटिका चेयर उपेन्द्र पौडेल लगायतले बोल्नुभएको थियो । कार्यक्रम सञ्चालन क्लबका सचिव विकास अधिकारीले गर्नुभएको थियो । सो कार्यक्रममा ह्विलचेयर आवश्यक अशक्तहरुको पहिचान गरी समन्वय गर्ने कार्य सि.बि.आर पोखराले गरेको थियो।

## ७१ प्रतिशत...

रु ८६ करोड ६१ लख ५२ हजार ७८० खर्च भएको उक्त कार्यालयका लेखापाल सुमन सुवेदीले जानकारी दिनुभयो।

विकास योजना तथा कार्यक्रमका लागि पुँजीगत शीर्षकमा बजेट विनियोजन हुने गर्छ । जिल्लामा प्रदेशका १० र सङ्घीय सरकारका ३० कार्यालय छन् । पुँजीगत शीर्षकमा खर्च भएकामध्ये ४४दशमलव४५ प्रतिशत अथवा रु ३८ करोड ५० लाख २४ हजार बजेट असार महिनामा खर्च भएको छ । सङ्घीयतर्फ पुँजीगत शीर्षकमा रु ४० करोड ४१ लाख २८ हजार बजेट विनियोजन भएकामा असार महिनामा रु १३ करोड ४० लाख ११ हजार ७७४ सहित कूल रु २४ करोड ५५ लाख २६ हजार ८९ खर्च भएको छ।

प्रदेशका कार्यालयमा रु ८१ करोड १७ लाख ८८ हजार विनियोजन भएकामा रु ६२ करोड छ लाख २६ हजार ६९१ खर्च भएको छ। खर्च भएकामध्ये रु २५ करोड १० लाख १२ हजार २३० असार महिनाको हो । सङ्घीय सरकारको चालुतर्फ रु तीन अर्ब ४८ करोड ५६ लाख ६६ हजार ३६२ बजेट विनियोजन भएकामा रु तीन अर्ब ३० करोड १८ लाख चार हजार १०३ अथवा ९४दशमलव७२ प्रतिशत खर्च भएको छ । रु ५१ करोड १३ लाख ६७ हजार ७२९ संघीय बजेट असारमा खर्च भएको उक्त कार्यालयले जनाएको छ । सङ्घीय र प्रदेशको चालु बजेटमा तलबभत्ता, प्रशासनिक खर्चका साथै स्थानीय तहलाई दिइने अनुदानसमेत समेटिएको छ । प्रदेशको चालु शीर्षकमा रु ४८ करोड ५३ लाख विनियोजन भएकामा रु ३६ करोड ७८ लाख ४९ हजार ४८० खर्च भएको छ। प्रदेशको चालु शीर्षकमा असार महिनामा रु १३ करोड ३५ लाख ८३ हजार १४५ खर्च भएको छ।

सङ्घीय र प्रदेशको चालु शीर्षकमा स्थानीय तहलाई दिएको अनुदानको निकासा रकमसमेत जोडिएको छ। स्थानीय तहले भएको खर्च विवरण र बचत भएको रकम फिर्ता गरिनसकेकाले यथार्थ खर्च विवरण प्राप्त हुन र समग्र जिल्लाको बजेट परिचालनको वास्तविक अवस्था पहिचान गर्न अझै केही दिन लाग्ने बताइएको छ।

सङ्घीय र प्रदेशको चालु तथा पुँजीगत गरेर गत आर्थिक वर्षमा कूल रु पाँच अर्ब १८ करोड ६८ लाख ८२ हजार ३६२ विनियोजन भएकामा ८७दशमलव४४ प्रतिशत अथवा रु चार अर्ब ५२ करोड ५८ लाख छ हजार ३६३ खर्च भएको छ। पुँजीगत शीर्षकको बजेटको ठूलो मात्रा असार महिनामा खर्च गर्ने प्रवृतिमा अझै सुधार आउन सकेको छैन् । यसैगरी गत आर्थिक वर्षमा जिल्लाका सङ्घीय कार्यालयबाट रु १५ करोड २१ लाख ५१ हजार १८४ र प्रदेशका कार्यालयबाट रु दुई करोड ९६ लाख ८ हजार ७८१ राजस्व सङ्कलन भएको उक्त कार्यालयले जनाएको छ।

# प्रधानसम्पादक बास्तोला गंगा-ज्योति पुरस्कारबाट सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, २ साउन**

आदर्श समाज राष्ट्रिय दैनिकका प्रधानसम्पादक कृष्णप्रसाद बास्तोला गंगा-ज्योति स्मृति पुरस्कारबाट सम्मानित भएका छन् । अद्वैत संस्थाका कुलपति प्रताप चक्रवर्तीले काठमाडौंमा आयोजित विशेष समारोह बीच बास्तोलाई उक्त पुरस्कार प्रदान गरेका थिए।

गुरुआमा पूर्णलक्ष्मी चक्रवर्तीको ११६ औं जन्मजयन्ती तथा अद्वैत संस्थाद्वारा संचालित २०७८/०७९ को दशमासीय राष्ट्रव्यापी महासत्संग समापनका अवसरमा आयोजित समारोहमा बास्तोलालाई पुरस्कृत गरिएको हो । अद्वैत संस्था नेपालका केन्द्रीय सभापति अनन्तलाल सरस्वतीबाट आफ्ना पिता ज्योतिलाल र आमा गंगादेवी चुकेको स्मृतिमा स्थापित उक्त पुरस्कारको राशि २५ हजार रुपैयाँ र सम्मानपत्र रहेको छ।



सोही समारोहमा भरतचन्द्र चक्रवर्तीको पुण्य स्मृतिमा स्थापित पुरस्कारबाट लालबन्दी सर्लाहीका उपसन्न शिष्य राम भण्डारीलाई पनि पुरस्कृत गरिएको थियो।

अद्वैत महाविद्यालयको २०७९ सालको वार्षिक परीक्षामा सर्वाधिक अंक प्राप्त गरेवापत उनलाई सो पुरस्कार प्रदान गरिएको हो । उक्त कार्यक्रममा प्रमुख आमन्त्रित कुलपति प्रताप चक्रवर्तीले नेपाली वेदको जनक विशेषांक, आनन्द तत्व मिमांस र भक्तिवृत्ति प्रवाह तथा व्रह्मज्ञानको विमोचन गरेका थिए । अद्वैत संस्था नेपालका केन्द्रिय सभापति वसन्तलाल महासरस्वतीको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका केन्द्रिय सहसभापति विष्णुदास उपाध्याय ढकालले उपस्थिति सबैलाई स्वागत गरेका थिए । कार्यक्रममा गुरुआमा अपर्णा चक्रवर्तीको पनि संवोधन रहेको थियो । कार्यक्रमको संचालन संस्थाका केन्द्रिय कार्यवहाक सचिव लक्ष्यजीवी घिमिरेले गरेका थिए।

# एशियन शारीरिक सुगठनमा नेपाललाई कास्यपदक

**रासस**
**काठमाडौं, २ साउन**

नेपाली शारीरिक सुगठन खेलाडी राजु राईले माल्दिभ्समा आयोजना भइरहेको ५४औँ एशियन शारीरिक सुगठन तथा फिजिक स्पोर्टस्अन्तर्गत स्पाइडर म्यान प्रदर्शन तथा फिजिकतर्फ कास्यपदक जितेका छन्।

राजुले १७० सेमीसम्मको समूहमा कास्यपदक प्राप्त गरेको नेपाल शारीरिक सुगठन तथा फिजिकल फिटनेश सङ्घका उपाध्यक्ष एवं टिम व्यवस्थापक दिनेश राजभण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त विधामा विभिन्न २४ राष्ट्र सहभागी थिए। त्यस्तै सोही प्रतियोगिताका दौरान शारीरिक सुगठन खेलको विकासमा ठोस योगदान पुऱ्याएबापत विश्व शारीरिक सुगठन तथा फिजिकल फिटनेश महासङ्घले नेपाल शारीरिक सुगठन तथा फिजिकल फिटनेशका अध्यक्ष राजेश बाबु श्रेष्ठलाई 'डिस्ङ्ग्वीस्ड अवार्ड'ले सम्मान गरेको उपाध्यक्ष दिनेश राजभण्डारीले जानकारी दिनुभयो। प्रतियोगतामा राजुसहित सुजिता मानन्धर र उमेश राईले नेपालको चुनौती प्रस्तुत गर्नेछन्। सुजिताले आफ्नो फिजिकअन्तर्गतको विधामा प्रतिस्पर्धा गर्दैछिन्। यस्तै उमेशले भने बुधबार प्रतिस्पर्धा गर्दैछन् । नेपालले आगामी सन् २०२३ मा ५५औँ एशियन शारीरिक सुगठन तथा फिजिक स्पोर्टस् आयोजना गर्नेछ।

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। - गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# जनतामाथि गरिएको ज्यादती

सत्ता संचालनका लागि समान विचार मिल्ने बीचमा गठबन्धन हुनु स्वभाविक मानिन्छ। नेपालमा फरकफरक सिद्धान्त र कार्यशैली भएका दलहरूबीच गठबन्धन गरि सत्ता संचालन गरिरहेका छन। सरकारको विपक्षमा रहेको दल विरुद्ध गठबन्धन गरेर जाने अभ्यास नेपालमा नौलो हो। गठबन्धनले जनतालाई राहत दिन सकेको छैन। सत्ता गठबन्धनमा रहेका दलका नेताहरूले सरकारले जनताको समस्या समाधान गर्न नसकेको स्विकारेका छन्। तर मूल नेतृत्वसँग जुध्ने आँट नहुँदा उनीहरूले उठाउने जनताका कुरा राजनीतिक खपतका लागि भएका छन।देशको आर्थिक अवस्थाबारे सरकारलाई स्वेतपत्र जारी गर्न कांग्रेस केन्द्रीय समितिको बैठकले सरकारसंग आग्रह गरेको छ।

कांग्रेसको बैठकले गरेको आग्रह देश श्रीलंकाको अवस्थामा जान सक्दैन भनेर जनतालाई आस्वस्त पार्न हो। त्यो भन्दा डरलाग्दो अवस्थामा गठबन्धन भित्रको ब्यापार ी,दलाल र विचौलीयाको नियन्त्रणमा सत्ता पुगेको छ। संसदको प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका उपमहासचिव प्रदिप ज्ञवालीले वर्तमान राजनीतिक गठबन्धनभित्र खतरनाक वित्तीय गठबन्धन भइरहेको आरोप लगाएका छन। एमालेको उपभोक्ता हित संरक्षण तथा सुशासन विभागले सोमबार राजधानीमा आयोजना गरेको 'उपभोक्ताको दृष्टिमा गठबन्धन सरकारको एकबर्ष' विषयक अन्तरक्रियामा उपमहासचिव ज्ञवालीले सरकार र सिङ्गो अर्थतन्त्र डरलाग्दो गरी विचौलियाको नियन्त्रणमा गएको अनुभव सुनाएका छन। यस्तो अवस्था देखिनु सबैको लागि चिन्ताको विषय हो। महँगीको मारमा सबै नेपाली पर्दै गएका छन। महङ्गी सबैको साझा मुद्दा भएकाले सरकारले सुन्ने गरी आवाज उठाउनु जरूरी भएको छासरकारले कमिसन, बाहेक केही नदेख्ने भएको हुँदा जनदबाब सिर्जना गर्नुको विकल्प देखिदैन।

महङ्गी कुनै दल विशेषका मानिसहरूका लागि मात्र नभई यसबाट आम जनसमुदाय आक्रान्त भइरहेको वर्तमान अवस्थामा महङ्गी नियन्त्रणका लागि सरकारमा दबाब सिर्जना गर्नुपर्छ। आम उपभोक्ता अहिले वस्तुको अभाव, विभिन्न क्षेत्रमा सिण्डिकेट, बजार अनुगमनको अभाव र राज्यको अनुपस्थितिका कारण मर्कामा परिरहेका छन।जनताको पीर मर्का सुन्ने सरकार नभएको हुँदा विपक्षीको धर्म नै सरकारलाई दबाव दिन विभिन्न अभियान चलाउनु पर्छ। 'सत्र प्रतिशत नेपाली जनता निरपेक्ष गरिबीको रेखामुनि छन्, २० प्रतिशत बहुआयामिक गरिबी भोलिरहेका छन्, यस्तो महङ्गी र चौतर्फी मारमा कसरी जीवन चलिरहेको होला ?' यस्तो अवस्थामा विपक्षी मात्र होइन जनताको पक्षमा काम गर्नेछ भनेर खुलेका दलहरू नै अगाडि आउनुपर्छ।

नेकपा (एमाले) नेतृत्वको सरकार विकास, सुशासन तथा आर्थिक, सामाजिक क्षेत्रमा अगाडि बढिरहेको अवस्थामा त्यस 'कोर्श'लाई उल्टाउने गरी सरकार परिवर्तनको काम पश्चगामी कदम थियो। वर्तमान सरकारका एकबर्षका कामले पुष्टि गरेको छ। वर्तमान गठबन्धन सरकार गठन भएयता मुलुकमा कुशासन, चरम बेथिति र संविधान क्षतविक्षत बनाउने काम मात्र भएन, सरकार मुट्ठीभर विचौलियाको नियन्त्रणमा गएको छ। उपभोक्ताहरू चौतर्फी मारमा परिरहेको मुद्दालाई दलहरूले आफ्ना एजेण्डामा प्राथमिकतामा राखेर उठाउनुपर्ने अहिलेको प्रमुख कार्यभार हो। २०७८ असार मसान्त र २०७९ असार मसान्तको मूल्यवृद्धिको तुलनात्मक अध्ययनले देखाउँछ। मूल्यवृद्धि ८.५ प्रतिशत भएको भनिए पनि खाद्यान्नमा ४० प्रतिशत, पेट्रोलमा ४२ प्रतिशत, खानेतेलमा ३३ प्रतिशत र अन्य धेरै उपभोग्य वस्तुको मूल्य २५ प्रतिशतको हाराहारीमा बृद्धि भएको उल्लेख गरिएको छ। यो अवस्थामा निम्त्याउने गठबन्धनका नेताहरूले गल्तीप्रति जनतासामु माफी माग्नुपर्छ।

# मेघगर्जनसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना

**रासस**
**काठमाडौं, २ साउन**

देशभर आंशिकदेखि सामान्य बदली रही केही स्थानमा मेघगर्जनसहित हल्कादेखि मध्यम वर्षा हुने भएको छ।

मनसुनी वायुको प्रभावले देशभर आंशिकदेखि सामान्य बदली भई देशका पहाडी भूभागका केही स्थानमा र बाँकी भूभागका एक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ। हाल मनसुनको न्यूनचापीय रेखा सरदर स्थानभन्दा दक्षिणतिर अवस्थित रहेको छ। पछिल्लो केही दिनयता देशभर गर्मी बढेको छ।

मनसुनको न्यूनचापीय रेखा औसत स्थानभन्दा दक्षिण क्षेत्र अर्थात् भारततर्फ सरेका कारण मनसुन ब्रेक भएकाले पानी नपर्दा तापक्रम वृद्धि भई गर्मी बढेको जल तथा मौसम विज्ञान विभागका मौसमविद् हीरा भट्टराईले बताउनुभयो। गत वर्षाभन्दा यस वर्ष काठमाडौं उपत्यकासहितका पहाडी क्षेत्रमा बढी गर्मी महसुस भएको छ।

उहाँका अनुसार मङ्गलबारदेखि उक्त रेखामाथि अर्थात् नेपालतिर सर्ने भएकाले विस्तारै पानी पर्नेक्रम सुरु भई गर्मी कम हुने अवस्था रहेको छ। विभागका अनुसार राति देशभर आंशिकदेखि सामान्य बदली रही देशको पहाडी भूभागका केही स्थानमा र बाँकी भूभागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना साथै सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको समेत सम्भावना छ।

# पर्वतमा ४० प्रतिशत रोपाइँ बाँकी

**रासस**
**पर्वत, २ साउन**

यहाँ अझै ४० प्रतिशत खेतमा रोपाइँ हुन बाँकी रहेको छ। सिँचाइको सुविधा भएका र खोला नालाको नजिक रहेको खेतमा रोपाइँ सकिएको भए पनि मुख्य उत्पादन हुने र मकै लगाएका तथा वर्षायामको पानीको भरमा रोपाइँ हुने क्षेत्रका कृषकले रोपाइँ गर्न नपाएका हुन्।

कृषि ज्ञानकेन्द्रका कार्यालय प्रमुख वरिष्ठ कृषि विकास अधिकृत मनिता थापाका अनुसार आइतबारसम्म जिल्लामा करिब ६० प्रतिशत रोपाइँ पूरा भएको छ। धान उत्पादनको राम्रो क्षेत्र मानिएका ठाउँमा नै पानीको अभावका कारण करिब आधा जति रोपाइँ नभएको सूचना स्थानीय तहका प्राविधिकले दिएको उहाँको भनाइ छ। पाङ, कटुवाचौपारी, फलेबासलगायतका राम्रो धान उत्पादन हुने क्षेत्रमा नै रोपाइँ भएको छैन। करिब ६० प्रतिशत रोपाइँ भएको छ। "थोपाथोपा सँगालेर रोपेका ठाउँमा पनि सिँचाइ नहुँदा खेतका गरा चर्किएका छन्", उहाँले भन्नुभयो, "वर्षा नै नभएपछि कसलाई के पो दोष लगाउनु ?"

दिनभर चर्को घाम लाग्दा पानीका मुहान सुकेर गर्मीका कारण कृषक पनि घरभित्र बस्नुपर्ने अवस्था रहेको छ। फलेबास नगरपालिका, पैँयु गाउँपालिका, जलजला गाउँपालिका र कुश्मा नगरपालिका धान उत्पादनका मुख्य क्षेत्र हुन्।

डाँडाकाँडामा रहेका ती ठाउँमा वर्षा भएपछि उर्लिएर आउने खहरेको भर परेर रोपाइँ हुने गरेको छ। वर्षा नभएका कारण खहरे नै नउर्लिएका कारण रोपाइँ भएको छैन। जिल्लाका धेरै ठाउँका कृषकले गर्मीका कारण रोपाइँ भएका खेतका गरा फुट्दा रोपेको धान नै ओइलिँदै गएको बताएका छन्। जिल्लाको कुश्मा नगरपालिका-१ पाङका कृष्णप्रसाद रिजालले यस वर्ष पाकेको मकै थन्क्याएको केही दिन भइसक्दा पनि पानीको अभावमा धान रोप्न नपाएको बताउनुभयो। रोपाइँको तयारीका लागि खेतका गरा खाली गरिए, तर वर्षा नहुँदा खेत बाँझै छन्। "पोहोर सालको तुलनामा त अहिले पानी नै परेन, अब त भोकमरी आउन लागेको हो जस्तो भयो, सबै खेत बाँझै छ, बीउ बुढिएर रोप्नै नमिल्ने भइसक्यो", उहाँले भन्नुभयो। समाचारमा विगतको तुलनामा यस वर्ष वर्षाको सम्भावना धेरै रहेको र बाढीपहिरो जानसक्ने कारण सतर्कता अपनाउन भनिए पनि पानीको थोपो देख्न नपाएको कृषकले बताएका छन्। कुलो र नहरको सुविधा भएको, खोला तथा नदी किनार र खोल्साका छेउछाउमा रहेका खेतमा रोपाइँ सकिएको भए पनि आकाशे पानीकै भर परेर रोपिने ठाउँमा रोपाइँ हुन सकेको छैन।

वर्षा भएका बेलामा भल छोपेर रोप्ने तथा धारोको पानी जम्मा पारेर पालो गरेर जसोतसो रापिएका खेत पनि सिँचाइको समस्यामा पटपटी फुटेका छन्। "धाराको पानी जम्मा पारेर पालो गरेर रोपेको खेतमा सिँचाइ गर्ने पानी नपुग्दा रोपेको खेत पनि पटपटी फुटेको छ", फलेबास नगरपालिका-३ शङ्करपोखरीका प्रदीप भुसालले भन्नुभयो, "दिनभर टन्टलापुर घाम लागेको छ, अलिअलि रसाउन थालेका मूल पनि घामले सुके", उहाँले भन्नुभयो, "अब वर्षा भएछ भने पनि साउनमा रोपेको धान के पो फल्ने होला ?"

# बाँदरबाट बाली जोगाउनै मुस्किल

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २ साउन**

म्याग्दीको मङ्गला गाउँपालिका-२ सल्यानका दीपक खड्का बाँदरबाट मकै जोगाउन खेतमै टहरा हालेर बस्नुभएको छ।

मकैको बोटमा घोगा लागेदेखि बाँदर धपाउन एक महिनाअघिदेखि खेतमा बस्न थाल्नुभएको थियो। उहाँले बाँदर धपाउन खेतमा बस्नका लागि जस्ताले छाएर सानो टहरा बनाउनु भएको छ। "बाँदरको हुल पसे भने छिनभरमा खेतभरिको मकै सखाप पार्छन्", उहाँले भन्नुभयो, "बिहान उज्यालो भएदेखि रात नपरुन्जेलसम्म बाँदर धपाउन परिवारका सदस्य आलोपालो गरेर खेतमा बस्ने गरेका छौं।"

सल्यानका विश्वनाथ उपाध्यायले बाँदरले बाली नष्ट गरेर भित्र्याउनै नपाएपछि जङ्गल छेउको करिब पाँच रोपनी जग्गामा खेती गर्न छाडेको पाँच वर्ष भयो। "बाँदरले बाली भित्र्याउनै नदिएपछि मकै, कोदो लगाउन छोडेको हो", उहाँले भन्नुभयो, "श्रम र लगानी खेर जाने भएपछि बारीमा घाँस र रुख रोपेको छु।"

मङ्गलाको सल्यानका दीपक र विश्वनाथ बाँदर पीडित कृषकको प्रतिनिधि पात्र हुनुहुन्छ। बाँदरबाट बाली जोगाउन एकाबिहानै उज्यालो हुनेबित्तिकै खेतबारीमा पुग्ने कृषक साँझ नपरुन्जेलसम्म बाली कुरेर बने गर्छन्। खेतीबाली लगाउने र हुर्काउनजस्तै बाँदरबाट जोगाउनु किसानका लागि अर्को चुनौती बनेको छ। बाँदर धपाउन कृषकको श्रम, पसिना र समय खर्च भएको छ। आँखा झिमिक्क गर्नासाथ बाँदरले सारा खेतीबाली नष्ट गरिदिन्छ। कृषक खाना र खाजा खाने समयसमेत पाउँदैनन्। बाँदर हेर्न बसेको ठाउँमै खाना-खाजा पुऱ्याइदिनुपर्ने बाध्यता रहेको जलजला-४ मल्लाजका कृषक चन्द्रबहादुर कार्कीले बताउनुभयो। खेतबारीमा फल्दै गरेका बाली मात्र होइन बाँदरले मान्छे नभएको मौकामा घरभित्रै पसेरसमेत अन्नपात नास गरिदिने गरेको छ। बाँदरले खाद्यबालीसँगै तरकारी र फलफूल खानुका साथै बिरुवासमेत उखेलेर नष्ट गरिदिने गरेको जलजला-३ का द्रोण खत्रीले बताउनुभयो। वनको विस्तारसँगै जङ्गल वरपरका खेतबारीमा खेती हुन छाडेका छन्। आहारा, पानीको खोजीमा बाँदरसहित अन्य वन्यजन्तु बस्तीमै आउन थालेका छन्।

कानुनअनुसार बाँदरलाई लखेट्न, पक्रन, घाइते बनाउन, मार्न, बन्ध्याकरण गर्न, स्थानान्तरण गर्न र घरमा पशुको रुपमा पाल्न नपाउने व्यवस्था छ। बाँदरको समस्या न्यूनीकरण गर्न टिमुर सतुवा, चिराइतो, कुरिलो, ओखार, बेसार, कागती, केरा, फूल र घाँसखेती गर्न सकिने सहायक वन अधिकृत नरबहादुर क्षेत्रीले बताउनुभयो। पानीका लागि बस्तीमा आउने बाँदरलगायत वन्यजन्तु र मानिसको द्वन्द्व न्यूनीकरण गर्न एक सामुदायिक वन एक पोखरी कार्यक्रम सञ्चालन गरिएको उहाँले बताउनुभयो। नेपालमा आसामी रातो, रातो र सेतो रङको हनुमान लङ्गुर बाँदर पाइन्छ। आसामी रातो बाँदर संरक्षित स्तनधारी वन्यजन्तु हो। सेतो हनुमान लङ्गुर बाँदर एक-दुई वटाको सङ्ख्यामा मात्र भेटिन्छ। आसामी र रातो बाँदर भने समूहमा बस्छन्।

यी बाँदरको हुल पसेपछि क्षणभरमै खेतीबाली खाने तथा नष्ट पारिदिने गर्छन्। धान र गहुँको समयमा खासै दुःख नदिने बाँदरले मकै पाक्ने याममा बढी समस्यामा पारेको छ। बाँदरकै समस्याका कारण कतिपय कृषकले बाली लगाउनै छाडेर खेतबारी बाँझो राख्न थालेका छन्। वर्षभरिलाई पुग्ने खाद्यान्न एकैछिनमा सखाप पार्ने भएपछि किसान अरु कामधन्दा छाडेर बाँदर धपाउन मै व्यस्त हुने गरेको बेनपा-४ वास्कुनाका कृषक भीम थापाले बताउनुभयो। जलजलाको मल्लाजका किसान बाँदर धपाउन खेतबारीको डिलमा छाप्रो नै बनाएर बस्ने गरेका छन्।

केही स्थानीय तहले बाँदर स्थानान्तरण, धपाउने औजारको विकास र घाँस खेती गरे पनि सबै ठाउँमा यस्तो प्रयास हुन सकेको छैन। बाँदर आतङ्क नेपालका धेरै ठाउँका कृषकको साझा समस्या हो। त्यसैले सरकारले दीर्घकालीन योजना र उपायको खोजी गरेर बाँदरको समस्या समाधान गर्नु आवश्यक भएको छ।

# सहरको सुन्दरताका लागि होडिङ बोर्ड हटाइँदै

**पोखरापत्र संवाददाता**
**बागलुङ, २ साउन**

बागलुङ नगरपालिकाले प्रवेशद्वार नै कुरुप हुनेगरी राखिएका विज्ञापनका होडिङ बोर्ड हटाउन सुरु गरेको छ। जिल्लाको मुख्य प्रवेशद्वार वडा नं १ को मालढुङ्गा र कालिका भगवती मन्दिर वरपर राखिएका होडिङबोर्ड हटाउन सुरु गरिएको हो। नगरपालिकाले सहरको सुन्दरताका लागि भन्दै त्यस्ता होडिङबोर्ड हटाउन थालेको वडा नं १ का अध्यक्ष जयबहादुर केसीले बताउनुभयो।

उहाँकै संयोजकत्वमा बनेको 'विज्ञापन होडिङ बोर्ड' व्यवस्थापन समितिले मालढुङ्गामा रहेका बोर्ड हटाउन सुरु गरेको हो। यहाँबाट हटाइका बोर्ड अन्यत्र कुनै उपयुक्त ठाउँमा राख्न दिइने वडाध्यक्ष केसीले बताउनुभयो। सार्वजनिक जग्गामा रहेका बोर्ड नगरपालिका आफैले हटाएको र व्यक्तिगत जग्गामा भएका बोर्ड हटाउन पहिलो चरणमा १५ दिन र दोस्रो चरणमा ७ दिनको म्याद दिइएको छ। "हामीले जग्गाधनी र बोर्डधनी दुवैलाई जानकारी गराएका छौं, केहीले सकारात्मक हिसाबले हटाउनुभयो, बाँकी केही हट्दै छन्", उहाँले भन्नुभयो,"नगर कार्यपालिकाको बैठकबाट निर्णय भएरै यो काम भइरहेको छ। प्रवेशद्वारमा रहेका होटल, रेष्टुराँ, बैंक तथा वित्तीय संस्था, विभिन्न कम्पनी र सामाजिक सङ्घ संस्थाले राखेका स्वागत बोर्डसमेत हटाउन लागिएको छ।" "अब चारवटा ठूला बोर्ड व्यक्तिका जग्गामा बाँकी छन्, उहाँहरुले सात दिनभित्र आफै हटाउँछौं भन्नुभएको छ", वडाध्यक्ष केसीले भन्नुभयो "तोकिएको समयभित्र नहटाए हामी हटाउँछौं।" मालढुङ्गामा बागलुङको परिचय झल्किने गरी डिजिटल बोर्ड राख्ने योजना रहेको नगरप्रमुख बसन्तकुमार श्रेष्ठले बताउनुभयो। नगरपालिकाले जिल्लाका पर्यटकीय क्षेत्र, यहाँका कला संस्कृति र भूगोलको विषयमा जानकारी समेटेर डिजिटल बोर्ड राख्ने योजना बनाएको छ।

बागलुङ कालिका भगवती मन्दिरको प्रवेशद्वार आसपासमा रहेका बोर्डसमेत नगरपालिकाले हटाउन भनेको छ। प्रसिद्ध कालिका मन्दिरको मौलिकता हराउनेगरी विज्ञापन बोर्ड राखिएको भन्दै नगरले हटाउन भनेको हो। "बागलुङ आउने पर्यटकको लागि पहिल्यै नकारात्मक प्रभाव पर्ने भो, त्यसैले विज्ञापन बोर्ड हटाउने भनेका हौं उहाँले भन्नुभयो,"अब त्यहीँ ठाउँबाट बागलुङको चिनारी दिने योजना छ"बोर्ड हटाइएको विषयमा जिल्लाका व्यवसायीले भने आपत्ति जनाएका छन्। बिना जानकारी व्यक्तिको सम्पत्ति नगरपालिकाले जबर्जस्त क्षति पुऱ्याएको उनीहरुको आरोप थियो। "नत कुनै सूचना छ, न जानकारी, यत्तिकै हाम्रो बोर्ड किन फालिएको हो, हटाउन भनेको भए हामी आफैँ हटाउँथ्यौं" होटल दि राजनका सञ्चालक एञ्जील शाक्यले भन्नुभयो,"वार्षिक भाडा तिरेका छौं, बोर्ड बनाउँदा ७०/८० हजार खर्च भएको छ, त्यसको सुरक्षा गर्न नगरपालिकाले किन नदिएको हो?" व्यवसायीले बिना जानकारी बोर्ड हटाएर फाल्नु गलत भएको बताए। प्रवेशद्वार सुन्दर बनाउन लागेको नगरले बागलुङ बजारका घरमा पनि प्लाष्टर गरेर रङरोगन गर्न भनेको छ।

# ४५७ कोरोना सङ्क्रमित, एकको मृत्यु

**रासस**
**काठमाडौं, २ साउन**

देशभर पछिल्लो २४ घण्टामा थप ४५७ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ भने एक जनाको सङ्क्रमणका कारण मृत्यु भएको छ।

पछिल्लो २४ घण्टामा चार हजार ६५१ जनाको नमूना परीक्षण गरिएको थियो। दुई हजार ३४१ जनाले पिसीआर र दुई हजार ३१० जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। सो अवधिमा ४८ कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। यससँगै सङ्क्रमण मुक्त हुनेको सङ्ख्या नौ लाख ६८ हजार ६४ पुगेको छ। सङ्क्रमणमुक्त हुने दर ९८ दशमलव ७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। पछिल्लो २४ घण्टामा ९८ हजार ९०० ले कोभिड विरुद्धको खोप लगाएका छन्। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या एक हजार ७७६ रहेको छ। अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ९५४ पुगेको छ। होम आइसोलेशनमा एक हजार ७०१, संस्थागत आइसोलेशनमा ७५, आइसियु १५ र भेण्टिलेटरमा एक सङ्क्रमित रहेका छन्। हाल ५०० भन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा काठमाडौं रहेको छ। शून्य सङ्क्रमित रहेका जिल्लामा ताप्लेजुङ, मनाङ, मुस्ताङ, जाजरकोट, कालिकोट, मुगु, बाजुरा र डडेलधुरा रहेका छन्। उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा एक हजार १३, ललितपुर ९२ र भक्तपुरमा २८ सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ। कुल सङ्क्रमण दर १७ प्रतिशत रहेको छ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



# No Objection Letter हराएको सूचना

म अर्जुन बुढामगरको पोखरा मालेपाटनदेखि प्रस्याङसम्म आउनेक्रममा मिति २०७८/१०/१२ गते Ministry of Education Science and Technology बाट 2020-10-06 गते Australia पढ्न जानी भनेर Issu गरिएको No Objection Letter हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला।

नामः अर्जुन बुढामगर
ठेगानाः पोखरा-५, प्रस्याङ
सम्पर्क नं.: ९८१७१६५१०८

# नौमती बाजा संरक्षणमा पालिकाको चासो

**खेमराज गौतम**
**बागलुङ, २ साउन (रासस)**

बागलुङको पहिचानका रुपमा रहेको नौमती बाजा पछिल्लो समय लोप हुँने अवस्थामा छ । नौमती बाजा लोप हुन थालेपछि यहाँका स्थानीय सरकार नौमती बाजा संरक्षणमा जुटेका छन् ।

पुस्ता हस्तान्तराण अभाव, नौमती बाजाप्रति युवाले चासो नदिँदा र युवा विदशे पलायन भएका कारण बागलुङमा नौमती बाजा लोप हुने खतरा बढेपछि बागलुङका केही स्थानीय तहले वडा तहमा नौमती बाजा संरक्षण थालेका छन् । उनीहरूले नौमती बाजा बजाउने दलित समुदायका स्थानीयलाई प्रोत्साहनस्वरुप नौमती बाजा दिने अभियान चलाएको छ ।

बागलुङ नगरपालिका-७ को वडा कार्यालयले तीन वर्षअघिनै स्थानीय नौमती बाजा समूहलाई नौमती बाजा सहयोग गरेको थियो । यसलगत्तै काठेखोला गाउँपालिकाले दुई वर्षअघि नौमती बाजा संरक्षणका लागि पालिकाको प्रमुख नीति तथा कार्यक्रम नै बनायो । नौमती बाजा समूह विवाह, व्रतबन्धका साथै सुखद कार्यक्रममा शुभकार्यका लागि बाजा बजाउने प्रचलन छ । काठेखोला गाउँपालिकाले आठवटै वडामा एक-एक नौमती बाजा समूहलाई नौमती बाजा उपलब्ध गराएको थियो भने जिल्लाको ढोरपाटन नगरपालिकाले समेत नौमती बाजाको संरक्षणका लागि नौमती बाजा समूहलाई नौमती बाजा वितरण गरिसकेको छ ।

काठेखोला गाउँपालिकाका आठवटै दलित समुदयाका बाजा समूहलाई बाजा सेट प्रदान गर्न गाउँपालिको रु १० लाख बजेट विनियोजन गरेर कार्यान्वयन गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चूर्णबहादुर कार्कीले जानकारी दिनुभयो । स्थानीय पालिकाले हराउन थालेको नौमती बाजा संरक्षणमा चासो देखाएपछि नौमती बाजा बजाएर जीविका चलाउँदै आएका दलित समुदायका कलाकारलाई हौषला मिलेको थियो। काठेखोला गाउँपालिकाको सिको अन्य पालिकाका वडाले समेत गर्न थालेका छन् ।

ज न ता का ` घरदैलोको सरकारले नौमती बाजा बजाउनेलाई प्रोत्साहनका लागि बाजाका उपकरण सहयोग गरेपछि नयाँ बाजा खरिद गर्नै नसक्ने युवालाई समेत राहत पुगेको छ । आर्थिक वर्ष २०७८/०७९ मा बागलुङको गलकोट नगरपालिका-७ मल्मले नौमती बाजा संरक्षणका लागि बाजा समूहलाई नौमती बाजा उपलब्ध गराउने गरी बजेट विनियोजन गरेर कार्यान्वयन गरेको छ । मल्म वडा कार्यालयको रु दुई लाख र स्थानीय बाजा समूहको रु ४५ हजार साझेदारीमा बाजा समूहलाई एक/एक थान नयाँ नौमती बाजा उपलब्ध गराइएको वडाध्यक्ष राजबहादुर थापाले जानकारी दिनुभयो । “नौमती बाजा जिल्लाको पहिचान नै बन्न थालेको छ तर उहाँहरूलाई नजिकको सरकारले हौषला दिनुपर्दछ, पुस्ता हस्तान्तरण अभावमा लोप हुँन थालेको बाजा संरक्षणमा हाम्रो वडाले नौमती बाजा खरिद गरेर नौमती बाजा समूहलाई हस्तान्तरण गरेका छौँ”, उहाँले भन्नुभयो, “यसअघि जिल्लाका अन्य पालिकाका वडाले समेत नौमती बाजा वितरण गरेका थिए, राम्रो कामको अनुशरण गरेका हौँ, थोरै बजेटमा धेरै सकारात्मक काम समेत गर्न सकिन्छ, अहिले हाम्रो वडाको नौमती बाजा समूह उत्साहित बनेको छ ।” निर्वतमान वडाध्यक्ष टीकाबहादुर थापाले नौमती बाजा संरक्षणका लागि वडामा रहेको नौमती बाजा समूहलाई बाजा खरिद गर्ने गरी बजेट व्यवस्थापन गरेको थियो । बाजा निर्माणको चाँजोपाँजो भने चर्चित सङ्गीतकार आशिष अविरलले गर्नुभएको थियो ।

गलकोट लोक संस्कृतिको थलो बन्दै गइरहेको सर्न्दभमा आगामी दिनमा नौमती बाजा तालिम केन्द्रसमेत स्थापना गर्ने उद्देश्यअनुरुप अहिले नौमती बाजा वितरण गरिएको निर्वतमान वडाध्यक्ष थापाले जानकारी दिनुभयो । गलकोट -७ मल्मको सिरवारे नमूना टोल विकास संस्थाअन्तर्गत रहेको पञ्चेबाजा व्यवस्थापन समितिलाई नयाँ बाजाका सामग्री सहयोग गरिएको हो । परम्पराकालदेखि सिरवारे गाउँको बाक्लो दलित बस्तीमा नौमती बाजा पहिचानका रुपमा स्थापित छ । पछिल्लो समय स्थानीयमा पुस्ता हस्तान्तरण नहुँदा र युवा पलायनले निराश बनेका दलित समुदायका बाध्यबाधक तथा कलाकार नयाँ बाजा सामग्री पाएपछि हर्षित भएको नौमती बाजा व्यवस्थापन समितिका कलाकार राजकुमार दर्जीले जानकारी दिनुभयो ।

नौमती बाजा वडा कार्यालयको समन्वयमा परम्परागत शैलीमै काठमाडौँमा तयार गरिएको थियो । नौमती बाजा बजाएरै यहाँका दलित कलाकारले आफ्नो गुजारा समेत चलाउँदै आएका छन् । गलकोटमा नौमती बाजाको तालिम केन्द्र बनाउने गलकोट नगरपालिकाले योजनासमेत अघि सारेको वडाध्यक्ष राजबहादुर थापाले बताउनुभयो ।

विवाह तथा उत्सवमा बजाइने नौमती बाजा अन्य जिल्लाको तुलनामा बागलुङमा बढी मात्रमा प्रचलित छ । बागलुङको गलकोट तथा सिगानाको नौमती बाजा त ब्राण्ड नै बनेको छ । गलकोट र सिगानाको नौमती बाजा जिल्लामै मात्र नभएर पोखरासम्म माग हुँदै आएको छ ।



स्याङ्जाको कालीगण्डकी गाउँपालिका-४ बिर्घा पुछारमा सयपत्री कर्मा ५५५ जातको फूलको बीउ तयारी गर्दै स्थानीयहरु । गाउँपालिकाले फूल खेतीमा ५० प्रतिशत अनुदान दिने भएपछि यसवर्ष ३५ रोपनी जग्गामा पचास हजार फूलको बिरुवा लगाईने भएको छ । तस्वीर : तोलाकान्त बगाले/रासस

# नौमती बाजा संरक्षणमा पालिकाको चासो

**रासस**
**बागलुङ, २ साउन**

बागलुङको पहिचानका रुपमा रहेको नौमती बाजा पछिल्लो समय लोप हुँने अवस्थामा छ । नौमती बाजा लोप हुन थालेपछि यहाँका स्थानीय सरकार नौमती बाजा संरक्षणमा जुटेका छन् ।

पुस्ता हस्तान्तराण अभाव, नौमती बाजाप्रति युवाले चासो नदिँदा र युवा विदशे पलायन भएका कारण बागलुङमा नौमती बाजा लोप हुने खतरा बढेपछि बागलुङका केही स्थानीय तहले वडा तहमा नौमती बाजा संरक्षण थालेका छन् । उनीहरूले नौमती बाजा बजाउने दलित समुदायका स्थानीयलाई प्रोत्साहनस्वरुप नौमती बाजा दिने अभियान चलाएको छ । बागलुङ नगरपालिका-७ को वडा कार्यालयले तीन वर्षअघिनै स्थानीय नौमती बाजा समूहलाई नौमती बाजा सहयोग गरेको थियो ।

यसलगत्तै काठेखोला गाउँपालिकाले दुई वर्षअघि नौमती बाजा संरक्षणका लागि पालिकाको प्रमुख नीति तथा कार्यक्रम नै बनायो । नौमती बाजा समूह विवाह, व्रतबन्धका साथै सुखद कार्यक्रममा शुभकार्यका लागि बाजा बजाउने प्रचलन छ । काठेखोला गाउँपालिकाले आठवटै वडामा एक-एक नौमती बाजा समूहलाई नौमती बाजा उपलब्ध गराएको थियो भने जिल्लाको ढोरपाटन नगरपालिकाले समेत नौमती बाजाको संरक्षणका लागि नौमती बाजा समूहलाई नौमती बाजा वितरण गरिसकेको छ ।

काठेखोला गाउँपालिकाका आठवटै दलित समुदयाका बाजा समूहलाई बाजा सेट प्रदान गर्न गाउँपालिको रु १० लाख बजेट विनियोजन गरेर कार्यान्वयन गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चूर्णबहादुर कार्कीले जानकारी दिनुभयो । स्थानीय पालिकाले हराउन थालेको नौमती बाजा संरक्षणमा चासो देखाएपछि नौमती बाजा बजाएर जीविका चलाउँदै आएका दलित समुदायका कलाकारलाई हौषला मिलेको थियो । काठेखोला गाउँपालिकाको सिको अन्य पालिकाका वडाले समेत गर्न थालेका छन् । जनताको घरदैलोको सरकारले नौमती बाजा बजाउनेलाई प्रोत्साहनका लागि बाजाका उपकरण सहयोग गरेपछि नयाँ बाजा खरिद गर्नै नसक्ने युवालाई समेत राहत पुगेको छ । आर्थिक वर्ष २०७८/०७९ मा बागलुङको गलकोट नगरपालिका-७ मल्मले नौमती बाजा संरक्षणका लागि बाजा समूहलाई नौमती बाजा उपलब्ध गराउने गरी बजेट विनियोजन गरेर कार्यान्वयन गरेको छ ।

मल्म वडा कार्यालयको रु दुई लाख र स्थानीय बाजा समूहको रु ४५ हजार साझेदारीमा बाजा समूहलाई एक/एक थान नयाँ नौमती बाजा उपलब्ध गराइएको वडाध्यक्ष राजबहादुर थापाले जानकारी दिनुभयो । “नौमती बाजा जिल्लाको पहिचान नै बन्न थालेको छ तर उहाँहरूलाई नजिकको सरकारले हौषला दिनुपर्दछ, पुस्ता हस्तान्तरण अभावमा लोप हुँन थालेको बाजा संरक्षणमा हाम्रो वडाले नौमती बाजा खरिद गरेर नौमती बाजा समूहलाई हस्तान्तरण गरेका छौँ”, उहाँले भन्नुभयो, “यसअघि जिल्लाका अन्य पालिकाका वडाले समेत नौमती बाजा वितरण गरेका थिए, राम्रो कामको अनुशरण गरेका हौँ, थोरै बजेटमा धेरै सकारात्मक काम समेत गर्न सकिन्छ, अहिले हाम्रो वडाको नौमती बाजा समूह उत्साहित बनेको छ ।” निर्वतमान वडाध्यक्ष टीकाबहादुर थापाले नौमती बाजा संरक्षणका लागि वडामा रहेको नौमती बाजा समूहलाई बाजा खरिद गर्ने गरी बजेट व्यवस्थापन गरेको थियो । बाजा निर्माणको चाँजोपाँजो भने चर्चित सङ्गीतकार आशिष अविरलले गर्नुभएको थियो । गलकोट लोक संस्कृतिको थलो बन्दै गइरहेको सर्न्दभमा आगामी दिनमा नौमती बाजा तालिम केन्द्रसमेत स्थापना गर्ने उद्देश्यअनुरुप अहिले नौमती बाजा वितरण गरिएको निर्वतमान वडाध्यक्ष थापाले जानकारी दिनुभयो । गलकोट -७ मल्मको सिरवारे नमूना टोल विकास संस्थाअन्तर्गत रहेको पञ्चेबाजा व्यवस्थापन समितिलाई नयाँ बाजाका सामग्री सहयोग गरिएको हो । परम्पराकालदेखि सिरवारे गाउँको बाक्लो दलित बस्तीमा नौमती बाजा पहिचानका रुपमा स्थापित छ । पछिल्लो समय स्थानीयमा पुस्ता हस्तान्तरण नहुँदा र युवा पलायनले निराश बनेका दलित समुदायका बाध्यबाधक तथा कलाकार नयाँ बाजा सामग्री पाएपछि हर्षित भएको नौमती बाजा व्यवस्थापन समितिका कलाकार राजकुमार दर्जीले जानकारी दिनुभयो । नौमती बाजा वडा कार्यालयको समन्वयमा परम्परागत शैलीमै काठमाडौँमा तयार गरिएको थियो । नौमती बाजा बजाएरै यहाँका दलित कलाकारले आफ्नो गुजारा समेत चलाउँदै आएका छन् । गलकोटमा नौमती बाजाको तालिम केन्द्र बनाउने गलकोट नगरपालिकाले योजनासमेत अघि सारेको वडाध्यक्ष राजबहादुर थापाले बताउनुभयो ।

विवाह तथा उत्सवमा बजाइने नौमती बाजा अन्य जिल्लाको तुलनामा बागलुङमा बढी मात्रमा प्रचलित छ । बागलुङको गलकोट तथा सिगानाको नौमती बाजा त ब्राण्ड नै बनेको छ । गलकोट र सिगानाको नौमती बाजा जिल्लामै मात्र नभएर पोखरासम्म माग हुँदै आएको छ ।

# प्रधानमन्त्री कृषि परियोजनामा जनशक्ति अभाव

**– रामबहादुर थापा**
**बागलुङ, २ साउन**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना निमित्तका भरमा चलेको छ । यहाँस्थित परियोजना कार्यान्वयन एकाइ नौ महिनादेखि वरिष्ठ कृषि अधिकृतविहीन छ ।

एकाइ प्रमुखमा उपसचित तहको दरबन्दी रहे पनि अहिले कृषि अधिकृत सुजित पौडेलले नै उक्त जिम्मेवारी सम्हाल्दै आउनुभएको छ । तल्ला पदमा पनि दरबन्दी रिक्त छ ।

जनशक्ति अभावले परियोजना सञ्चालनमा चुनौती थपेको एकाइका निमित्त प्रमुख पौडेलले बताउनुभयो । उहाँका अनुसार नायब प्राविधिक सहायकमा आठ जनाको दरबन्दी रहे पनि तीन जना मात्र कार्यरत छन् ।

कृषि अधिकृतमा पनि एक जनाको दरबन्दी रिक्त छ । स्वीकृत दरबन्दीअनुसार कूल २० जना कर्मचारी हुनुपर्नेमा अहिले १३ जना मात्र सेवामा छन् । “न्यून जनशक्ति हुँदा एकातिर कामको बोझ थपिन्छ, त्यसले कार्यप्रगतिमा पनि असर पुऱ्याइरहेको हुन्छ”, उहाँले भन्नुभयो, “गत कात्तिकदेखि वरिष्ठ कृषि अधिकृतको दरबन्दी रिक्त छ, प्राविधिक नहुँदा आठ जनाको काम तीन जनाले गर्नुपर्ने स्थिति छ ।” बागलुङसहित पर्वत र गुल्मीका दुई स्थानीय तहसमेत कार्यक्षेत्र रहेको एकाइले जनशक्तिसँगै स्रोतसाधनको पनि अभाव झेल्दै आएको छ । विसं २०७३ बाट सुरु भएको परियोजनाको एकाइ कार्यालय जिल्ला समन्वय समितिको कोठाबाट सञ्चालित छ । बढी स्थलमा खटिनुपर्ने एकाइका कर्मचारीलाई सवारीसाधनको पनि सही प्रबन्ध हुन सकेको छैन । “कृषिको काममा गाउँगाउँ पुग्नुपर्छ, तर हामीसँग भएको गाडी कच्चीमा गुड्नै नसक्ने अवस्थाको छ”, निमित्त प्रमुख पौडेलले भन्नुभयो, “परियोजना व्यवस्थापन एकाइमा यो समस्या राखिरहेका छौँ, हेरौँ सम्बोधन हुन के गर्छ ।” उहाँले राज्यको ठूलो लगानी परेको परियोजनामा स्रोतसाधन र व्यवस्थापकीय अभाव हुन नहुने बताउनुभयो । प्राविधिककै अभावमा यहाँ सञ्चालित ‘बाख्रा जोन’लगायतका कार्यक्रम प्रभावित भएको एकाइले जनाएको छ । लक्ष्यअनुसारको कार्य प्रगति हासिल गर्न जनशक्तिको उचित प्रबन्ध हुनुपर्ने उसको माग छ । परियोजना समन्वय तथा अनुगमन समितिका अध्यक्ष एवं जिल्ला समन्वय समितिका प्रमुख अमरबहादुर थापाले स्रोतसाधनको समुचित परिचालन हुनुपर्ने बताउनुभयो । उहाँले परियोजना सञ्चालनमा आएपछि कृषि उत्पादनको व्यवसायीकरणमा टेवा पुगेको उल्लेख गर्नुभयो। अध्यक्ष थापाले कसैले पनि कृषिलाई उपेक्षाको नजरले हेर्न नहुने बताउनुभयो । परियोजनाले किसानलाई सीप र प्रविधि दिनेदेखि पूर्वाधार निर्माणमा समेत लगानी गर्दै आएको छ । कृषि उपजको व्यावसायिक उत्पादन र उत्पादकत्व वृद्धिका लागि परियोजनामार्फत ‘पकेट’, ‘ब्लक’ र ‘जोन’ कार्यक्रम सञ्चालित छन् । पर्वतको फलेवास नगरपालिका, महाशिला र बिहादी गाउँपालिकामा ‘मकै जोन’ कार्यक्रम सञ्चालनमा छ । बागलुङको गलकोट, ढोरपाटन नगरपालिका, बडिगाड, निसीखोला, ताराखोला, गुल्मीको मालिका र मदाने गाउँपालिका समेटेर ‘आलु जोन’ सञ्चालनमा ल्याइएको छ । पर्वतकै कुश्मा, फलेबास नगरपालिका, मोदी, बिहादी र पैँयु गाउँपालिमा ‘धान जोन’ र कुश्मा नगरपालिका, जलजला र मोदी गाउँपालिकामा ‘तरकारी जोन’ कार्यक्रम सञ्चालित छ ।

यस्तै गत आवदेखि बागलुङको जैमिनी नगरपालिका र बरेङ गाउँपालिकामा ‘बाख्रा जोन’ कार्यक्रम अगाडि बढेको छ । परियोजनाले १० हेक्टरलाई ‘पकेट’, सय हेक्टरलाई ‘ब्लक’, पाँच सय हेक्टरलाई ‘जोन’ र एक हजार हेक्टर क्षेत्रफल समेटेकालाई ‘सुपर जोन’का रुपमा तोक्ने गरेको छ ।

‘पकेट’मा स्थानीय तह, ‘ब्लक’मा प्रदेश सरकार र ‘जोन’ कार्यक्रममा सङ्घ सरकारमार्फत बजेट परिचालन हुने गरेको एकाइले जनाएको छ । गत आवमा मात्र रु सात करोड ७४ लाख ६४ हजार परियोजनामा खर्च भएको एकाइका निमित्त प्रमुख पौडेलले जानकारी दिनुभयो । पर्वतमा मकै, धान, तरकारी, सुन्तला र दूध उत्पादन तथा बागलुङमा आलु, बाख्रा, अलैँची, दुग्ध उत्पादन र धान बालीलाई प्राथमिकतामा राखिएको उहाँको भनाइ छ । परियोजनाले औजार, उपकरण वितरणदेखि कृषिका संरचना निर्माणमा किसानलाई सघाउँदै आएको छ ।

# गलेश्वरमा भक्तजनको भीड

**रासस**
**काठमाडौं, २ साउन**

साउन महिनाको पहिलो सोमबार । पश्चिम नेपालको पशुपतिनाथका नामले चिनिने म्याग्दीको बेनी नगरपालिका-९ स्थित धार्मिकस्थल गलेश्वरमा बिहानैदेखि भक्तजनको भीड लागेको छ ।

साउन महिना भगवान् शिवको प्रिय महिना र सोमबार प्रिय बार मानिन्छ । पहिलो सोमबार भगवान् शिवको पूजा आराधना गर्नका लागि चितवन, काठमाडौँ, पोखरा, नवलपरासी, पर्वत, बागलुङ, म्याग्दीलगायतका ठाउँबाट भक्तजना आएका गलेश्वर शिवालय क्षेत्र विकास कोषले जनाएको छ । मुक्तिनाथ प्रवेशद्वारका रुपमा रहेको गलेश्वर धाममाआजबिहानैदेखिपूजाआजाको विशेष प्रबन्ध मिलाइएको गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले बताउनुभयो । गलेश्वरमा साउन महिनाको सोमबार, शिवरात्रि र बालाचर्तुदशीमा विशेष मेला लाग्ने गर्छ । गलेश्वरको दर्शन र पूजाआजा गरेमा मनोकाक्षा पूरा हुने जनविश्वास छ । कालीगण्डकी नदी किनारमा नौ रोपनी क्षेत्रफलमा फैलिएको एउटै चट्टानमाथि अवस्थित गलेश्वरलाई विश्वकै अलौकिक धार्मिकस्थल भन्ने गरिन्छ । हिन्दू तथा वौद्ध धर्मवालम्बीको साझा तीर्थस्थल मुक्तिनाथ प्रवेशद्वारका रुपमा परिचित गलेश्वरलाई पछिल्लो समय पश्चिमको पशुपतिनाथसमेत भन्न थालिएको छ । गलेश्वरका साथै म्याग्दीका अन्य शिवालयमा पनि आज बिहानैदेखि भक्तजनको बाक्लो भीड लगोको छ । बेनी शिवालय, बाबियाचौर, अर्मनको कैलाशफाँट, दरबाङलगायत ठाउँमा रहेको शिवालयमा साउनको पहिलो सोमबार आज पूजाआजा गर्ने भक्तजनको भीड लागेको स्थानीयले बताएका छन् । गलेश्वर क्षेत्र विकास कोषका अध्यक्ष रेग्मीले काठमाडौँ, चितवन, कास्की, पर्वत, बागलुङका साथै म्याग्दीको ग्रामीण क्षेत्रबाट भक्तजन आएको बताउनुभयो । मन्दिर प्रवेशमा मास्क अनिवार्य बनाइएको छ । पूजा व्यवस्थापनका लागि सुरक्षाकर्मी र स्वमंसेवक परिचालन भएका छन् । बेनीको खुला मञ्च नजिकैको शिवालय मन्दिरमा पनि बिहानैदेखि पूजाआजा गर्न आएका भक्तजनको चहलपहल भएको शिवालय मन्दिर संरक्षण समितिका सुन्दर केसीले जानकारी दिनुभयो ।

# गोरखामा जीपको ठक्करबाट युवतीको मृत्यु

**रासस**
**गोरखा, २ साउन**

गोरखामा जीपको ठक्करबाट सोमबार एक युवतीको मृत्यु भएको छ । अजिरकोट गाउँपालिका-३ भच्चेक सडखण्डमा ग१ज ४६८६ नंको जीपको ठक्करबाट मोटरसाइकलमा सवार अजिरकोट गाउँपालिका-२ की २३ वर्षीया मेलिना गुरुङको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक लीलाराज लामिछानेका अनुसार भच्चेकबाट चित्रेपोखरीतर्फ गइरहेको प्र३-०३ पा ४८१५ नंको मोटरसाइकललाई विपरीत दिशाबाट आउँदै गरेको जीपले ठक्कर दिएको हो । मोटरसाइकलको पछाडी सवार मेलिना गम्भीर घाइते भएकी थिइन् । उनको मोडर्न अस्पताल भच्चेकमा उपचारका क्रममा मृत्यु भएको लामिछानेले बताउनुभयो । दुर्घटनामा मोटरसाइकल चालक मेलिनाका दाजु ३५ वर्षीय मनराज गुरुङ घाइते भएका छन् । जीपका चालक सिरानचोक गाउँपालिका-५, छोप्राकका २४ वर्षीय रवि नेपालीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।